# विदेशी घरेलु कामदारहरूलाई दादुरा, मम्प्स (हाँडे) र रुबेला (MMR) खोप लगाउन सल्लाह दिइन्छ

(Nepali version)

दादुरा संक्रमण एक अत्यधिक संक्रामक र गम्भीर भाइरल संक्रमण हो ,जसले संक्रमणबाट प्रतिरक्षा नभएको कुनै पनि व्यक्तिलाई असर गर्न सक्छ । यदि महिलाहरू गर्भावस्थाको पहिलो तीन महिनामा रुबेलाले संक्रमित भएमा विकासशील भ्रूण ("जन्मजात रुबेला सिन्ड्रोम") मा विसंगतिहरू हुनसक्छ हुन्छन्। दादुरा वा रुबेलाबाट संक्रमित व्यक्तिहरूले आफ्ना साथीहरू र आफन्तहरू, उनीहरूका रोजगारदाताहरू र उनीहरूका परिवारका सदस्यहरू, विशेष गरी खोप नलगाएका शिशुहरूलाई संक्रमण दिन सक्छन् । हामी सचेत छौं कि, केही विदेशी घरेलु कामदारहरूले हङकङ आउनु अघि आफ्नो देशमा दादुरा र रुबेला को खोप नलगाएको हुन सक्छ । दादुरा, मम्प्स र रुबेला (MMR) खोप दादुरा, मम्प्स र रुबेला संक्रमण रोक्नको लागि सुरक्षित र प्रभावकारी खोप हो । आफू र अरूलाई बचाउनको लागि, हामी विदेशी घरेलु कामदारहरूलाई MMR खोप लगाउन आग्रह गर्दछौं ।

सामान्यतया, मानिसहरूलाई दादुरा/रुबेलाको लागि गैर - प्रतिरक्षाको रूपमा मान्न सकिन्छ यदि (i) उनीहरूलाई पहिले प्रयोगशाला परीक्षणद्वारा संक्रमण पुष्टि भएको थिएन, र (ii) उनीहरूलाई दादुरा/रुबेला विरुद्ध पूर्ण खोप लगाइएको थिएन, वा अज्ञात खोप स्थिति वा दादुरा विरुद्ध अज्ञात प्रतिरक्षा थियो। **समुदायमा संक्रमण र प्रसारण रोक्नको लागि, हामी दादुरा वा रुबेला विरुद्ध प्रतिरक्षा नभएका सबै विदेशी घरेलु कामदारहरूलाई, उनीहरू हङकङ आउनु अघि MMR खोप लगाउन सल्लाह दिन्छौं ।**

MMR खोपको बारेमा थप जानकारीको लागि, कृपया परिवार स्वास्थ्य सेवाको वेबसाइट हेर्नुहोस्:
http://www.fhs.gov.hk/english/health_info/child/486.html

## दादुरा

यो दादुरा,भाइरसको कारणले हुन्छ र यो संक्रमित व्यक्तिको नाक वा घाँटीको स्रावहरूसँगको संक्रमित छिटा वा प्रत्यक्ष सम्पर्क मार्फत फैलिन्छ, र कम सामान्य रूपमा नाक र घाँटीको स्रावहरूले फोहोर भएका वस्तुहरूबाट फैलिन्छ। प्रभावित व्यक्तिहरूमा सुरुमा थकान, ज्वरो, खोकी, रातो आँखा र मुख भित्र सेतो दागहरू देखा पर्नेछन्। यसको 3 देखि 7 दिनपछि छालामा रातो धब्बेदार डाबर आउँछ । डाबर सामान्यतया अनुहारबाट तल शरीरको बाँकी भागमा फैलिन्छ । गम्भीर अवस्थामा, मध्य कान, फोक्सो र मस्तिष्क संलग्न हुन सक्छ र गम्भीर परिणामहरू वा मृत्यु पनि निम्त्याउन सक्छ ।

# विदेशी घरेलु कामदारहरूलाई दादुरा, मम्प्स (हाँडे) र रुबेला (MMR) खोप लगाउन सल्लाह दिइन्छ

(Nepali version)

## मम्प्स (हाँडे)

यो मम्प्स भाइरसको कारणले हुन्छ , जसले लार ग्रन्थीहरू र कहिलेकाँही स्नायु तन्तुलाई असर गर्छ । यो संक्रमित छिटाहरूको माध्यमबाट र संक्रमित व्यक्तिको लारसँगको प्रत्यक्ष सम्पर्कबाट फैलिन्छ । यो रोगको विशेष लक्षणलार ग्रन्थीको पीडादायक सूजन सामान्यतया गाला(हरु) मा र ज्वरो हो । कहिलेकाँही,बहिरापन,वा मस्तिष्कको संक्रमण जस्ता जटिलताहरू हुन सक्छन् । किशोरकिशोरीहरूले अंडकोष वा अण्डाशयको संक्रमण हुन सक्छ, जसले प्रजनन क्षमतालाई असर गर्न सक्छ।

## रुबेला

रुबेलालाई "जर्मन दादुरा" पनि भनिन्छ, यो रुबेला भाइरस को कारणले हुन्छ। यो संक्रमित व्यक्तिको नाक र घाँटीबाट निस्किने स्रावहरूसँगको सम्पर्कबाट छिटा फैलिएर वा बिरामीहरूसँगको प्रत्यक्ष सम्पर्कको माध्यमबाट प्रसारित हुन सक्छ। लक्षणहरू सामान्यतया हल्का हुन्छन् । बच्चाहरूमा सामान्यतया ज्वरो आउने, टाउको दुख्ने , फैलिएको डाबर र कानको पछाडि वा घाँटीमा रहेको लिम्फ नोडहरू बढ्ने, लक्षणहरू देखिन्छ । कहिलेकाँही कुनै लक्षणहरू नहुन सक्छ। जटिलताहरूमा गठिया, थ्रोम्बोसाइटोपेनिया र एन्सेफलाइटिस पर्दछन्।

रुबेला संक्रमणले विकासशील भ्रुणमा विसंगतिहरू उत्पन्न गर्दछ । जन्मजात रुबेला सिन्ड्रोम (CRS) गर्भावस्थाको पहिलो तीन महिनामा संक्रमित भएका महिलाहरूमा जन्मेका शिशुहरूमा हुने सम्भावना हुन्छ । जन्मजात रुबेला सिन्ड्रोम (CRS) को विशेष लक्षण बहिरोपन, अन्धोपन, मुटुको विकृति र मानसिक मंदता हो ।

**स्वास्थ्य सुरक्षा केन्द्र**
**स्वास्थ्य विभाग**
**फेब्रुअरी 2024**

